## नेपाल सरकार

### महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

विषयः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई कायम राख्न स्वीकृति दिने ।

प्रस्ताव पेस गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०८३।०४।२२

**१. विषयको सङ्क्षिप्त व्यहोराः**

आदिवासी जनजाति समुदायको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थान एवं राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिताको लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ बमोजिम आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना भएको। नेपाल सरकार अन्तर्गत रहेका बोर्ड, समिति, आयोजना तथा अन्य संस्थागत संरचनाहरूको खारेजी, एकीकरण तथा पुनर्संरचनाका लागि गठित उच्चस्तरीय कार्यदलले पेश गरेको प्रतिवेदन (भाग-१) सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/१/३० को बैठकबाट प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाउने निर्णय भएको र उक्त प्रतिवेदनमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको पुनर्संरचना गर्न उपयुक्त हुने सिफारिस गरिएको ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः**

नेपालको कुल जनसंख्याको एकतिहाइ भन्दा बढी हिस्सा ओगटेका आदिवासी जनजाति समुदायको भाषा, संस्कृति, इतिहास, पहिचान, परम्परागत ज्ञानको संरक्षण तथा आर्थिक सामाजिक सशक्तीकरणका लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले कार्य गर्दै आएको छ। प्रतिष्ठानले सरकार र आदिवासी जनजाति समुदायबीच समन्वय, सहकार्य तथा संवादको समेत कार्य गरिरहेको छ। नेपालले संयुक्त राष्ट्र सङ्घको महासभाबाट पारित भएको आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (UNDRIP) को पक्षमा मतदान गर्दै समर्थन जनाएको र यसको कार्यान्वयन, प्रतिवेदन तथा समावेशी विकासको अभ्यासलाई प्रभावकारी बनाउन समेत प्रतिष्ठानले महत्वपूर्ण सहयोग गर्दै आएको छ।

**३. प्रस्ताव पेस गर्नुपर्नाका कारण र मन्त्रालयको सिफारिसः**

नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबमोजिम उच्चस्तरीय कार्यदलको प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक प्रबन्ध गर्नुपर्ने भएको तथा कार्यदलले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको पुनर्संरचना गर्न सिफारिस गरेको हुँदा प्रतिष्ठानको सुदृढीकरण गरी समयानुकूल, स्रोतसम्पन्न र प्रभावकारी संस्थाका रूपमा पुनर्संरचना गर्नु आवश्यक भएकाले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई कायम राख्ने निर्णयका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्न विभागीय मन्त्रीबाट मिति २०८३/०४/२२ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची-१ को विषय सङ्ख्या १८ बमोजिम यो प्रस्ताव पेस गरिएको छ।

**४. निर्णय हुनुपर्ने व्यहोराः**

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई कायम राख्न स्वीकृति दिने ।

मितिः २०८३।०४।२२

नेपाल संवत् ११४६

(कृष्णबहादुर राउत)

सचिव

श्री सचिवालय

प्रशासन पठाउँन।

श्री सचिव,
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय।

आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानलाई कायम राखन स्वीकृति दिने विषयको महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८३।०४।२२ को प्रस्ताव म.प.बै.सं. २५/०८३ मिति २०८३।०४।२६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

(गोविन्द बहादुर कार्की)
मुख्यसचिव
२०८३।०४।२६
नेपाल संवत् ११४६